बैठक संख्या:-०२ (दोस्रो)

आज मिति २०८० साल कार्तिक महिनाको २० गते विहान ११ बजे यस बारेकोट गाउँपालिकाका अध्यक्ष श्री बीर बहादुर गिरी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिती :

| क.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वीर बहादुर गिरी | अध्यक्ष | |
| २. | श्री नर बहादुर गिरी | उपाध्यक्ष | |
| ३. | श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका | |
| ४. | श्री वीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका | |
| ५. | श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ६. | श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका | |
| ८. | श्री डम्मर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका | |
| ९. | श्री बिशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| १०. | श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ११. | श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| १२. | श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १३. | श्री दीपक नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १४. | श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका | |
| १५. | श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १६. | श्री विष्णु वि क | सदस्य गाउँ कार्यपालिका | |
| १७. | श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका | नैनी |
| १८. | श्री डिनायट घर्ती | सदस्य सचिव गाउँ कार्यपालिका | |

Scanned with CamScanner

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक
मिति : २०८०/०७/२० आर्थिक वर्ष २०८०।८१ बैठक संख्या ०२

प्रस्ताव तथा निर्णयहरु :

१. भुकम्पमा परि मृत्यु भएका सम्पूर्ण मृतकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने सम्बन्धमा।
२. राहात वितरणलाई एकद्धार प्रणाली मार्फत गर्ने सम्वन्धमा।
३. वडागत रुपमा भएको क्षतिको विवरण सम्बन्धमा।
४. आगामी दिनमा घरहरु निर्माण गर्दा भुकम्प प्रतिरोधात्मक घर निर्माण गर्ने सम्वन्धमा।
५. राहात ढुवानीको सम्बन्धमा आवश्यक सवारी साधनको व्यवस्थापन सम्वन्धमा।
६. सि.अ.हे.व. विमला महताराको काज सम्बन्धमा।
७. मेडिकल अधिकृतलाई स्थानीय पालिका प्रोत्साहान उपलब्ध गराउने सम्बन्धमा।
८. मेडिकल अधिकृत प्रोत्साहान, फिल्ड तथा अन्य भत्ता सम्वन्धमा।
९. आधारभुत अस्पताल लिम्साको व्यवस्थापन सम्बन्धमा।
१०. टेलिमिडिसियन सामाग्रीको भुक्तानी सम्बन्धमा।
११. बालबालिका उद्दार केन्द्र भरी नंपा ३ जाजरकोटलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा।
१२. सूचना प्रविधि अधिकृतको नियुक्ति सम्बन्धमा।
१३. विविध।

निर्णय नं. १
यस बारेकोट गाउँपालिका वडा नं. १ रामिडाँडा केन्द्रविन्दु भएर मिति २०८० साल कात्तिक १७ गते रातको ११.४७ बजे गएको ६.४ रेक्टर स्केलको विनाशकारी भूकम्पका कारण मृत्यु हुने मृतकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

निर्णय नं २
बिनासकारी भूकम्पका कारण प्रभावित सम्पूर्ण भूकम्प पीडितहरुको लागि विभिन्न निकायबाट प्राप्त राहातलाई एकद्धार प्रणाली मार्फत वितरण गर्ने निर्णय गरियो।

निर्णय नं. ३
यस बारेकोट गाउँपालिका वडा नं. १ रामिडाँडा केन्द्रविन्दु भएर मिति २०८० साल कात्तिक १७ गते रातको ११.४७ बजे गएको ६.४ रेक्टर स्केलको भूकम्पका कारण भएको प्रारम्भिक क्षतिको विवरण संकलन गर्ने र विस्तृत विवरण स्थलगत रुपमा सर्वेक्षण गरी संकलन गर्ने निर्णय गरियो।

निर्णय नं. ४
आगामी दिनमा संरचनाहरु निर्माण गर्दा अनिवार्य रुपमा भवन निर्माण आचार संहिता अनुसारको भूकम्प प्रतिरोधात्मक संरचना निर्माण गर्ने निर्णय गरियो।

गाउँ कार्यपालिका
निर्णय प्रमाणित
२०८०/०७/२०

गाउँ कार्यपालिकाको कार्यालय
जाजरकोट
कर्णाली प्रदेश, नेपाल

Scanned with CamScanner

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक
मिति : २०८०।०७।२० आर्थिक वर्ष २०८०।८१ बैठक संख्या ०२

निर्णय नं. ५
जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति खलंगा जाजरकोटबाट प्राप्त राहातको सुरक्षित ढुवानी गरी यस पालिकाको केन्द्र सम्म ल्याउनका लागि स्थानीय विपद् जोदिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई आवश्यक सवारी साधनको प्रवन्ध तथा समन्वय गर्न जिम्मा दिने निर्णय गरियो।

निर्णय नं. ६
वडा नं. ५ स्वास्थ्य चौकी नायकवडा सिलिङचौरमा कार्यरत सि.अ.हे.व. विमला महताराको स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै निजलाई अर्को व्यवस्था नभए सम्मको लागि वडा नं. ६ स्वास्थ्य चौकी घर्तीगाउँ काजमा खटाउने निर्णय गरियो।

निर्णय नं. ७
मिति २०८०।०६।२२ गतेको निर्णयानुसार मिति २०८० भाद्र ४ गते देखि लागु हुने गरी आधारभुत अस्पताल लिम्सामा मेडिकल अधिकृत पदमा नियुक्त डा. रोहित मिश्रलाई स्थानीय पालिका प्रोत्साहनको रुपमा मंसिर १ गते देखि लागु हुने गरी मासिक तलबको १५० प्रतिशत थप रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८
मेडिकल अधिकृतको प्रोत्साहान, फिल्ड भत्ता तथा पोष्टमार्टम भत्ताको लागि कार्यपालिकाको मिति २०८०।०६।२२ गतेको निर्णय नं. २ क.सं. १४ को कला साहित्य तथा संस्कृति संरक्षण शिर्षकमा रहेको रु ४,००,०००। र क.सं. ८ को भैपरी आउने शिर्षकबाट रु ४,००,०००। गरी जम्मा रु ८,००,०००। (अक्षरुपी रु आठ लाख मात्र) रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. ९
भूकम्प पश्चात आधारभुत अस्पताल लिम्साको संचालनमा समस्या भएको हुँदा तत्कालको लागि रु ६०,०००। कार्यपालिकाको मिति २०८०।०६।२२ गतेको निर्णय नं. २ क.सं. ८ को भैपरी आउने शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. १०
आ.व. ०७९।८० मा Infrasoft Solutions Pvt Ltd बाट खरिद गरिएको टेलिमेडिसियन सामाग्रीको भुक्तानी गर्न बाँकी रु २३,२२,७१५।(अक्षरुपी रु तेइस लाख बाइस हजार सात सय पन्ध्र मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ११
कार्यपालिको मिति २०८०।०६।२२ गतेको निर्णय नं २ (३१) मा भएको निर्णयानुसार रामिडाँडा अनाथलयलाई रु १,००,०००। दिने निर्णय भएकोमा उक्त निर्णयमा प्रष्टता नभएको हुँदा रामिडाँडा अनाथलयको नामको सट्टा उक्त संस्थाको नाम बालबालिका उद्दार केन्द्र भरी नंपा ३ जाजरकोटलाई रु १,००,०००।(अक्षरुपी रु एक लाख मात्र) दिने भनी निर्णयमा प्रष्ट पार्ने निर्णय गरियो।

Scanned with CamScanner

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक

मिति : २०८०/०७/२० आर्थिक वर्ष २०८०।८१ बैठक संख्या ०२

निर्णय नं. १२

कार्यालयको कार्यचापलाई ध्यान दिँदै सूचना प्रविधि अधिकृतको नियुक्ती गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं. १३

कार्यालयका भवनहरु कात्तिक १७ गतेको भूकम्पका कारण क्षति भएको हुँदा तत्काल निर्माणको लागि विभिन्न निकायसँग पहल गर्ने निर्णय गरियो। साथै कार्यालयको सभाहललाई आवश्यक स्रोतको खोजि गरी आधुनिक र सुविधा युक्त बनाउने निर्णय गरियो।

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिस्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner